प्रार्थना, उपवास, र शुद्धिकरण २०२२



# रहनु

## परमेश्वरको वचनको
## शक्ति र सुन्दरता

# रहनु

## परमेश्वरको **वचन**को
## शक्ति र सुन्दरता

EVERY NATION

© 2022 by Every Nation Churches & Ministries. सर्वाधिकार सुरक्षित।

Scripture quotations, unless otherwise noted, are from The Holy Bible, English Standard Version (ESV) Copyright 2001 by Crossway, a publishing ministry of Good News Publishers. (नेपाली संस्करणमा नेपाल बाइबल सोसाइटिको पवित्र बाइबल (NNRV) को प्रयोग गरिएको छ।)

EveryNation.org/Fasting #ENfast2022

# विषय-सूची

उपवासको लागि तयारी ........ २

मेरो योजना ........ ६

परिचय: वचन एउटा रोटी हो ........ १६

पहिलो दिन: वचन एउटा विउ हो ........ २१

दोस्रो दिन: वचन एउटा ज्योति हो ........ २६

तेस्रो दिन: वचन एउटा ऐना हो ........ ३१

चौथो दिन: वचन एउटा घन हो ........ ३६

पाचौं दिन: वचन एउटा तरवार हो ........ ४१

निष्कर्ष: वचन नै हाम्रो जग हो ........ ४६

# उपवासको लागि तयारी

**उपवास किन बस्ने?**

उपवास भनेको, परमेश्वरले आफ्नो राज्य वृद्धि गर्न, राष्ट्रहरूको गन्तव्यलाई परिवर्तन गर्न, जागृतिको आवेग ल्याउन, र मानिसहरूको जीवनमा विजय ल्याउनको लागि प्रयोग गर्नुहुने एउटा आत्मिक औजार हो। हामी आफैलाई परमेश्वरका अघि नम्र तुल्याउन, आउँदो वर्षको लागि आफैलाई उहाँमा शुद्धीकरण गर्न, र मिलेर ठूला-ठूला कामहरू गर्ने एकसाथ सहमति जनाउनको लागि एभ्री नेशन (Every Nation) का मण्डली तथा सेवकाइहरूले पाँच-दिने प्रार्थना र उपवास सहित प्रत्येक नयाँ वर्षको सुरुवात गर्ने गर्छ।

**येशूले पनि उपवास बस्नुभयो।**

*तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो। उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो। मत्ती ४:१-२*

---

*येशू पवित्र आत्माको शक्तिमा गालील फर्कनुभयो, र उहाँका विषयमा वरिपरिका सबै ठाउँमा हल्ला फिँजियो। लूका ४:१४*

आफ्नो उद्देश्यहरूलाई पूरा गर्नको लागि आत्मिक सामर्थ्यको आवश्यकता पर्नेछ भन्ने कुरा येशूलाई थाहा थियो। उपवासले हामीलाई आत्मिक रूपमा दह्रिलो बनाउँछ र हामीलाई परमेश्वरको कामको लागि तयार गर्छ।

**उपवास नम्रता र शुद्धीकरणको एउटा कार्य हो।**

---

*तब हाम्रा परमेश्वरको सामु हामी आफूलाई दीन तुल्याउन, र हाम्रा आफ्नै निम्ति, हाम्रा बालबच्चाहरूका निम्ति र हाम्रा सबै सम्पत्तिका निम्ति उहाँसँग कुशलको यात्रा मागौं भनी मैले त्यहाँ अहावा नदीको किनारमा उपवास बस्ने घोषणा गरें। एज्रा ८:२१*

जसै हामी प्रार्थना र उपवासको माध्यमबाट आफैलाई नम्र पार्दछौं, हामी परमेश्वरबाट हाम्रो प्रार्थनाको उत्तर प्राप्त गर्दछौं।

**उपवासले हामीलाई पवित्र आत्माप्रति संवेदनशील बन्न सहायता गर्छ।**

*तिनीहरूले आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।" प्रेरित १३:२*

जब हामी आफैलाई प्राकृतिक तृष्णा र सांसारिक वाधाहरूबाट अलग गर्छौं, तब हामी परमेश्वरको आवाजप्रति अझै बढी संवेदनशील बन्छौं। तब हामी परमेश्वरप्रति राम्ररी ध्यान केन्द्रित गरेर उहाँको इच्छामा समर्पित हुनसक्छौं।

**उपवासले जागृति ल्याउँछ।**

---

*१२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ। यशैया ५८:१२*

इतिहासभरि, परमेश्वरले प्रार्थना र उपवासको प्रतिक्रिया स्वरूप जागृति ल्याउनुभएको छ र राष्ट्रहरूलाई विपत्तिबाट छुटकारा दिनुभएको छ। उपवासले हामीलाई प्रार्थना र अन्तर्बिन्तीमा सफल हुन सहायता गर्छ।

**उपवास स्वास्थ्यवर्धक छ।**

उपवासले तपाईंको पाचन प्रणालीलाई सफा गर्छ र यसबाट बिकारहरू निकाल्छ। निश्चित एलर्जीहरू र रोगहरूको उपचार गर्न उपवास बस्नुपर्छ भन्ने सल्लाह डाक्टरहरूले दिने गर्छन्। उपवासको अनुशासनले हामीलाई हाम्रो जीवनका अस्वस्थ लतहरू छोड्न सहयोग गर्छ।

## उपवासको लागि तयारी

यहोशूले मानिसहरूलाई भने, "तिमीहरू आफैलाई पवित्र बनाओ, किनकि भोलि तिमीहरूका बीचमा परमप्रभुले उदेकका काम गर्नुहुनेछ।" यहोशू ३:५

**प्रार्थना गर्नुहोस्**—उपवास बस्नुभन्दा पहिले बाइबल अध्ययन गरी समय बिताउनुहोस्। आफ्ना प्रार्थनाहरूमा पवित्र आत्मालाई अगुवाइ माग्नुहोस्। पेज ८-११ मा, आफ्नो विश्वास सम्बन्धी उद्देश्यहरू र तपाईंको परिवार, इष्टमित्र, मण्डली र राष्ट्र सम्बन्धी निश्चित प्रार्थना विषयहरू लेख्नुहोस्।

**समर्पित हुनुहोस्**—तपाईंले कुन किसिमको उपवास बस्न लाग्नुभएको छ त्यसको बारेमा प्रार्थना गर्नुहोस् र उपवास सुरु गर्नुभन्दा पहिले नै यसप्रति समर्पित हुनुहोस्। पेज ५ मा आफ्नो योजना लेख्नुहोस्। आफूले बनाएका योजनाहरूलाई पूरा गर्नको लागि सहायता गर्न परमेश्वरलाई अनुग्रहको लागि अनुरोध गर्नुहोस्।

**व्यवहारमा लागू गर्नुहोस्**—उपवास सुरु गर्नुभन्दा केही दिन पहिले खानाको मात्रालाई थोरै-थोरै गर्दै घटाउँदै जानुहोस्। बढी गुलियो र चिल्लो पदार्थ भएका खानेकुरा नखानुहोस्। उपवास बस्ने हप्तामा शारीरिक र सामाजिक क्रियाकलापहरूलाई सीमित गर्नुहोस्। उपवासको अवधिभरि तपाईंको प्रार्थनाको साथीको रूपमा बसिदिन कुनै व्यक्तिलाई अनुरोध गर्नुहोस् र उक्त व्यक्तिलाई ७ पेजमा हस्ताक्षर गर्न लगाउनुहोस्।

*नोट:* डाक्टरसँग सल्लाह लिनुहोस्, विशेष गरी तपाईं गर्भवती महिला, शिशुको आमा हुनुहुन्छ, वा औषधी सेवन गर्दै हुनुहुन्छ भने। यदि तपाईंको परिस्थितिको कारण, तपाईं पूरा समयको उपवास बस्न सक्नुहुन्न भने, तपाईंको लागि के गर्न उचित हुन्छ सो निर्धारण गर्नुहोस्।

## उपवासको समयमा

*[येशूले] जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्‍वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ।'" मत्ती ४:४*

**ध्यान केन्द्रित गर्नुहोस्**—भक्तिपूर्ण ध्यानमा समय बिताउनको लागि समय छुटाउनुहोस्। परमेश्‍वरको वचन र पवित्र आत्माको अगुवाइप्रति प्रतिक्रिया दिन तयार हुनुहोस्।

**प्रार्थना गर्नुहोस्**—तपाईंको स्थानीय मण्डलीमा हुने कम्तीमा एउटा प्रार्थना सेवामा सहभागी हुनुहोस्। हप्ताभरि आफ्नो परिवार, मण्डली, पाष्टरहरू, राष्ट्र, क्याम्पसहरू, र मिसनहरूको लागि मध्यस्थ बिन्ती प्रार्थना गर्नुहोस्।

**पूर्ति गर्नुहोस्**—खानाको समयमा, बाइबल पढ्नुहोस् र प्रार्थना गर्नुहोस्। पर्याप्त पानी पिउनुहोस् र सकेसम्म धेरै विश्राम गर्नुहोस्। शारीरिक कमजोरी र अधैर्यता र आवेगजस्ता अस्थाई समस्याहरूको सामना गर्न तयार हुनुहोस्।

## उपवास तोड्नु

*परमेश्‍वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्‍वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ।*
*१ यूहन्ना ५:१४-१५*

**खानुहोस्**—बिस्तारै ठोस खानेकुरा खाँदै जानुहोस्। सामान्य आहार पचाउनको लागि तपाईंको शरीरलाई समय लाग्नेछ। फलफूल, जुस, र सलादबाट सुरु गर्नुहोस् अनि थप सागसब्जीहरू थप्दै जानुहोस्। दिनभरि थोरै-थोरै गरी धेरै पटक खानुहोस्।

**प्रार्थना गर्नुहोस्**—प्रार्थना गर्न नरोकिनुहोस्! परमेश्‍वरको विश्‍वासयोग्यता र समयमा भरोसा गर्नुहोस्। परमेश्‍वरको निम्ति तपाईंले प्राप्त गर्नुभएको आफ्नो जोसलाई वर्षैभरि कायम राख्नुहोस्। परमेश्‍वरले तपाईंका प्रार्थनाहरूको उत्तर दिनुहुनेछ भनेर विश्‍वासमा नै रहिरहनुहोस्।

# मेरो योजना

## पहिलो दिन

□ पानी मात्र □ तरल पदार्थ मात्र □ एक छाक मात्र □ अरु:

□ सहभागी हुनुपर्ने प्रार्थना सेवा(हरू):

## दोस्रो दिन

□ पानी मात्र □ तरल पदार्थ मात्र □ एक छाक मात्र □ अरु:

□ सहभागी हुनुपर्ने प्रार्थना सेवा(हरू):

## तेस्रो दिन

□ पानी मात्र □ तरल पदार्थ मात्र □ एक छाक मात्र □ अरु:

□ सहभागी हुनुपर्ने प्रार्थना सेवा(हरू):

## चौथो दिन

□ पानी मात्र □ तरल पदार्थ मात्र □ एक छाक मात्र □ अरु:

□ सहभागी हुनुपर्ने प्रार्थना सेवा(हरू):

## पाँचौ दिन

□ पानी मात्र □ तरल पदार्थ मात्र □ एक छाक मात्र □ अरु:

□ सहभागी हुनुपर्ने प्रार्थना सेवा(हरू):

*१९ "फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ," मत्ती १८:१९*

## मेरो प्रार्थना सहकर्मी

# निम्न कुराहरूका निम्ति म परमेश्वरप्रति धन्यवादी छु. . . .

## उत्तर दिइएका प्रार्थनाहरू

२०२१ का मुख्य घटनाहरू, उत्तर प्राप्त गरिएका प्रार्थनाहरू, र सिकिएका पाठहरूलाई सूचीकृत गर्नुहोस्‌।

## २०२२ मा, म परमेश्वरलाई निम्न कुराहरूको लागि विश्वास गर्दैछु...

### व्यक्तिगत विश्वास सम्बन्धी उद्देश्यहरू

आत्मिक जागृति • शारीरिक चङ्गाइ • सम्पन्नता र प्रशस्तता • सम्पन्न उदारता...

### मेरो परिवार

सम्बन्धहरूको पुनर्स्थापना • परिवारको मुक्ति...

### मेरो शिक्षा/भविष्य वा करियर

उत्कृष्ट • बढुवा...

### मेरो सेवकाइ

सानो समूहको वृद्धि • सहकर्मीहरू र कक्षाका साथीहरूको मुक्ति...

## म निम्न विषयमा प्रार्थना गर्नको लागि समर्पित हुनेछु . . .

**नाम** **अनुरोध(हरू)**

## म निम्न विषयमा प्रार्थना गर्नको लागि समर्पित हुनेछु . . .

### मेरो मण्डली

मण्डली नेतृत्व • प्रावधान • चेलापन सेवकाइ...

### मेरो समुदाय

क्याम्पस तथा शैक्षिक संस्थाहरू • स्थानीय सरकार • सुसमाचारका अवसरहरू...

### मेरो राष्ट्र

सरकारी अधिकारीहरू  • आत्मिक जागृति • आर्थिक समृद्धि • शान्ति र सुव्यवस्था...

# एश्री नेशनले हाल ८१ राष्ट्रहरूमा काम गर्दैछ।

## हामी पीढीगत दर्शन पूर्ति गर्दैछौं

परमेश्वरले हामीलाई हाम्रै पुस्तामा हरेक राष्ट्सम्म पुग्ने बोलावट दिनुभएको छ—उहाँले हामीलाई एउटा मिसन र समय सिमा पनि दिनुभएको छ। हामीले हरेक राष्ट्रको लागि प्रार्थना गर्नुपर्छ, क्याम्पसहरुलाई प्राथमिकता दिनुपर्छ, अनि सुसमाचारको प्रभुत्वसितलाई मान्यता दिनुपर्छ। बाकी रहेको ११४ राष्ट्रहरुको लागि निरन्तर प्रार्थना गर्नुहोस र परमेश्वरले यी निम्न देशहरुमा मण्डली स्थापनाको निम्ति ढोका खोल्नुहुन्छ भनेर विश्वास गर्नुहोस।

अफगानिस्तान
अल्बानिया
अल्जेरिया
एंडोरा
अंगोला
एन्टिगुवा र बार्बुडा
अर्जेन्टिना
अजरबैजान
बहामास
बारबाडोस
बेलारुस
बेलीज
बेनिन
बोस्निया र हर्जगोभिना
बुल्गेरिया
बुर्किना फासो
केप भर्डे
क्यामरून


मध्य अफ्रीकी गणराज्य
चाड
कोमोरोस
कंगो
कोस्टा रिका
आइवरी कोस्ट
क्युबा
साइप्रस
चेक गणतन्त्र
प्रजातान्त्रिक गणतन्त्र कंगो
डेनमार्क
डिजिबुटी
डोमिनिका
इक्वेडर
इजिप्ट
एल साल्भाडोर
इक्वेटोरियल गिनी
एरित्रिया

इस्टोनिया
इथियोपिया
फिनल्यान्ड
गाम्बिया
ग्रीस
ग्रेनाडा
ग्वाटेमाला
गिनी
गिनि-बिसाऊ
गुयाना
हैटी
हंगेरी
आइसल्यान्ड
इराक
इस्राएल
इटाली
जमैका
केन्या
किरिबाती
लात्भिया

लेबनान
लेसोथो
लाइबेरिया
लीबिया
लिक्टेन्स्टाइन
लिथुआनिया
लक्समबर्ग
माकेडोनिया
मडागास्कर
माली
माल्टा
मार्शलआइल्यण्ड
माउरिटानिया
माइक्रोनेशिया
माल्डोवा
मोनाको
मोन्टेनेग्रो
मोरक्को
नउरु
नाइजर

उत्तर कोरिया
नर्वे
पलाउ
प्यालेष्टाइन
पाराग्वे
रूस
रवान्डा
सेन्ट किट्स र नेविस
सेन्ट लुसिया
सेन्ट भिन्सेन्ट र ग्रेनाडाइन्स
सामोआ
सान मारिनो
साओ टोम र प्रिन्सिप
सेनेगल
सर्बिया
सेचिलिस
स्लोभाकिया

स्लोभेनिया
सोलोमन द्वीप
सोमालिया
दक्षिण सुडान
सुडान
सुरिनाम
स्वीडेन
स्विट्जरल्यान्ड
सिरिया
तान्जानिया
टोंगा
ट्रिनिडाड एन्ड टोबागो
टुनिशिया
तुर्कमेनिस्तान
टुभालु
उरुग्वे
उज्बेकिस्तान
भानुवातु
भ्याटिकन सिटि
यामेन



## ४५८ विश्वव्यापी रुपमा स्थापित मण्डलीहरु

## ८८ वटा सक्रिय मण्डली स्थापनाहरू

**थप मण्डलीहरु स्थापना गर्न सकियोस भनेर प्रार्थना गर्नुहोस।**

---

*मसँग माग, र म जातिहरूलाई तिम्रो उत्तराधिकार तुल्याइदिनेछु, र समस्त पृथ्वी तिम्रो निजी सम्पत्ति तुल्याइदिनेछु। भजनसंग्रह २:८*

नयाँ मण्डली स्थापनाहरूका लागि प्रार्थना गर्नुहोस्, किनभने तिनीहरूले चेलाहरू बनाउँछन्, आफ्ना समुदायहरूका खाँचोहरू पूरा गर्छन्, र नयाँ सहरहरूमा सुसमाचारको असल समाचार सुनाउँछन्।

**सक्रिय रुपमा मण्डली स्थापना भईरहेका राष्ट्रहरु:**

*आर्मेनिया*
*अष्ट्रेलिया*
*बोत्सवाना*
*ब्राजिल*
*कम्बोडिया*
*क्यानडा*
*चीन*
*क्रोएशिया*
*फ्रान्स*
*जर्जिया*
*हन्डुरास*
*भारत*
*इन्डोनेशिया*
*ईरान*
*लाओस*
*मलावी*
*माल्दिभ्स*
*मारीसियस*
*मेक्सिको*
*मङ्गोलिया*
*मोजाम्बिक*
*नेपाल*
*नेदरल्याण्ड्स*
*न्यूजिल्याण्ड*
*निकारागुआ*
*मानामा*
*फिलिपिन्स*
*पोर्चुगल*
*रोमानिया*
*स्कटल्यान्ड*
*साउथ अफ्रिका*
*ताइवान*
*ताजिकिस्तान*
*टिमोर लेस्टे*
*संयुक्त अरब इमिरेट्स*
*संयुक्त राज्य अमेरिका*
*भियतनाम*
*जाम्बिया*
*जिम्बाब्वे*

# १९०५ स्थापित क्याम्पस सेवकाइहरु र सुसमाचारीय कार्यहरु

*"... यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्।" मत्ती ९:३८*


**विश्वविद्यालय र क्याम्पस परिसरको माध्यमबाट सारा संसारसम्म पुग्ने एउटा दर्शन।**

हामी यस्तो मण्डलीहरु स्थापित गर्दछौं जसले विश्वविद्यालय र क्याम्पसहरुका विधार्थीहरुलाई चेला बनाउँछ, किनभने हामीलाई दृढ विश्वास छ कि यदि हामीले आज विश्वविद्यालय र क्याम्पसहरुलाई परिवर्तन गर्नसक्यौं भने अन्ततः हामीले हाम्रो परिवार, हाम्रो राष्ट्र र सम्पूर्ण संसारलाई नै परिवर्तन गर्न सक्नेछौं। क्याम्पस सेवाकाई भनेको परमेश्वरको सुसमाचार क्याम्पसका विधार्थीहरुसम्म लाने एउटा प्रतिबद्दता हो। यो एउटा सेवा गर्ने, प्रभाव पार्ने र जाने बोलावट हो।

**निम्न विषयहरुको लागि प्रार्थना गर्नुहोस:**

- यस वर्ष सुसमाचार सुनाइने नयाँ विद्यार्थीहरूका लागि
- क्याम्पस मिसनेरीहरू र मण्डलीहरूले सुसमाचार प्रचार गर्दा र कलेजका विद्यार्थीहरूलाई चेलापनमा डोऱ्याउने क्रममा ज्ञानबुद्धि प्राप्त गरून् भनेर
- विश्वविद्यालय संकायले विद्यार्थीहरूसँग काम गर्दा निगाह प्राप्त गरून् भनेर

- नयाँ क्याम्पसहरुमा सुसमाचारको लागि ढोका खुलिएको होस् भनेर



## परिचय



# वचन एउटा रोटी हो

**व्यवस्था ८:१-२० पढनुहोस**

*३ उहाँले तिमीहरूलाई नम्र बनाउन भोकले पीडित तुल्याउनुभयो, अनि तिमीहरूलाई मन्न खुवाउनुभयो, जसको बारेमा तिमीहरूलाई र तिमीहरूका पिता-पुर्खाहरूलाई थाहै थिएन। मानिस भोजनले मात्र होइन, तर परमप्रभुको मुखबाट निस्केको प्रत्येक वचनले जिउँछ भन्ने कुरो बुझाउनलाई यसो गर्नुभएको हो।     व्यवस्था ८:३*

**पढ्नुपर्ने अतिरिक्त खण्डहरू: मत्ती ४:३-४; लुका ४:१-४; यूहन्ना ४:३४**

प्राचीन कालमा मध्य पूर्वीय निकटको देशको मुख्य आहार भनेको रोटी नै थियो। आज पनि, धेरै संस्कृतिहरुको रोटी एउटा अद्वितीय र आफ्नो आहारको लागी प्रयोग गरिने प्रचलित खाना हो। फ्रान्समा क्रंची बगुएट, भारतमा अखमिरी रोटी, इथियोपियामा स्पोंजी इन्जेरा, मेक्सिकोमा थिन टोर्टिला, र फिलिपिन्समा सफ्ट पाण्डेसाल भनेर रोटीलाई प्रयोग गरिन्छ।

तर व्यवस्था ८:३ मा मोशाले मानिस रोटीले मात्रै बाँच्न सक्दैन भनेर घोषणा गरेका छन्। जब इस्राएलीहरू उजाडस्थानमा यात्रा गर्दैथिए, परमेश्वरले स्वर्गबाट रोटी जस्तै खाना, मन्नाको वर्षा गरेर उनीहरुलाई खाने आहार प्रदान गर्नुभयो। अब, जसै उनीहरु प्रतिज्ञा गरिएको देश, प्रशस्तताको देशमा

प्रवेश गर्नको लागी तैयार हुन्छन्, मोशाले उजाडस्थानमा उनीहरुलाई खुवाउने परमेश्वरको सम्झना गराँउछन्। यद्धपि उनीहरु जुन ठाउँमा प्रवेश गर्न लागेका थिए, त्यहाँ उनीहरुलाई स्वर्गबाट खानको लागि मन्न बर्साउन कुनै आवश्यकता थिएन, परमेश्वरमाथिको उनीहरुको निर्भरतामा कुनै परिवर्तन हुन् पर्ने थिएन। परमेश्वरमा भरोसा गरेर र उहाँको वचन पालन गरेर, त्यस देशमा फलदायी हुन् सम्भव थियो। जसरी उनीहरुलाई बाँच्नको लागि रोटीको आवश्यकता थियो त्यसैगरी उनीहरुलाई परमेश्वरको वचनको पनि आवश्यकता थियो।

त्यसै गरी, परमेश्वरको वचनमा हाम्रो भरोसा पनि हामीले रोटीमा परेको निर्भरता जस्तै हुनुपर्छ। उपवासको हरेक दिन हाम्रो शरीरले रोटीबाट पाउने सबै पोषण तोत्वको चाहना गर्दछ। तर यो त्यही तृष्णा हो जो हामीले हाम्रो शारीरिक खाँचोको उपभोग गर्नलाई गर्छौं, र यही उदाहरणलाई हामीले परमेश्वरको वचन हाम्रो लागि रोटी हो भन्ने कुरामा सान्दर्भिक रुपले हेर्नसक्छौं। जसरी हाम्रो शरीरले रोटीको तृष्णा गर्दछ त्यसैगरी हामीले परमेश्वरको वचनको पनि तृष्णा गर्नुपर्छ, उहाँ र उहाँको वचनको आवश्यकता हामीले दैनिक रुपमा महसुस गरेर जिउनुपर्छ।

वास्तवमा, हामीले यूहन्नाको सुसमाचारमा जान्दछौं कि येशू आफैं परमेश्वरको वचन हुनुहुन्छ। उहाँले आफैलाई "जीवनको रोटी म नै हुँ" भनेर भन्नु भयो र उहाँकहाँ आउने कोही पनि फेरी भोकाउने र तिर्खाउने छैन भनेर प्रतिज्ञा गर्नुभयो। जब हामी उहाँको सामु आउँछौं र परमेश्वरको वचनले आफूलाई भर्छौं, हामी उहाँको मुक्ति प्राप्त गर्न सक्छौं र साँच्चै पूर्ण रुपले तृप्त हुन् सक्छौं।

परमेश्वरको वचन सत्य छ। र परमेश्वरको वचनको माध्यबाट नै उहाँले आफुलाई हाम्रो वीचमा प्रकट गर्नुहुन्छ, र हामी पूर्ण रुपले उहाँको निम्ति जिउनलाई परिवर्तन भएर सशक्त हुन्सक्छौं।

जसै हामी यो हप्ता उपवास प्रार्थना गर्दैछौं, खानको लागि हाम्रो तृष्णा दिन-दिनै बढ्ने छ, तर त्यो भन्दा पनि धेरै परमेश्वरको वचन प्रति हाम्रो तृष्णा बढेको होस्।

**एउटा यस्तो परिस्थितिको सम्झना गर्नुहोस जब तपाई परमेश्वरमाथि पूर्ण रुपमा निर्भर हुनुभयो। त्यो परिस्थितिमा तपाईलाई उहाँले सहायता गर्नुभएकोमा धन्यबाद दिनुहोस।**

---

**बाइबलको कुन पद वा अध्यायले यो गएको वर्ष तपाईलाई प्रोत्साहन दिएको छ?**

**परमेश्वरको वचन तपाईको जीवनमा विश्वासयोग्य र शक्तिशाली भएकोमा उहाँलाई धन्यवाद चढाउनको लागि समय निकाल्नुहोस।**

---

## परमेश्वरको वचनले हामीलाई सम्हाल्द्छ

व्यवस्था ८:३

३ उहाँले तिमीहरूलाई नम्र बनाउन भोकले पीडित तुल्याउनुभयो, अनि तिमीहरूलाई मन्न खुवाउनुभयो, जसको बारेमा तिमीहरूलाई र तिमीहरूका पिता-पुर्खाहरूलाई थाहै थिएन। मानिस भोजनले मात्र होइन, तर परमप्रभुको मुखबाट निस्केको प्रत्येक वचनले जिउँछ भन्ने कुरो बुझाउनलाई यसो गर्नुभएको हो।

परमेश्वर, तपाईको उपहार बाइबलको लागि धन्यवाद। तपाईको वचनद्वारा तपाई मसँग बोल्नुहुन्छ र मलाई याद दिलाउनुहुन्छ कि तपाई मेरो निम्ति हुनुहुन्छ भनेर। तपाईले आफ्नो अनन्तको चरित्र मलाई प्रकट गर्नुहुन्छ, र म तपाइको वचन अध्यन गरेर र त्यसमा मनन गरेर तपाईको आवाज सुन्न सक्छु। प्रभु, मलाई तपाईको वचनमा दैनिक रुपमा रहने एउटा इच्छा दिनुहोस, एउटा यस्तो चाहना जुन मेरो जीवनको तपाईसँगको यात्राभरि नै वृद्धि हुँदैजाओस। तपाईंको वचनले मेरो आत्मालाई पोषण दिन्छ र मेरो हृदयलाई पूर्ण गर्दछ।  जसै यो हप्ता म प्रार्थना गर्नेछु, उपवास बस्नेछु र शुद्ध हुनेछु, र तपाईको नजिक आउनेछु तपाईप्रतिको मेरो प्रेम र समझ अझै बढ्दै गएको होस्। येशु ख्रीष्टको नाउँमा

# आमेन

## पहिलो दिन



# वचन एउटा विउ हो

**१ पत्रुस १:१३-२५ पढनुहोस**

> . . . २३ परमेश्‍वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ।   १ पत्रुस १:२३

**पढ्नुपर्ने अतिरिक्त खण्डहरू: मर्कुस ४:३-९, १३-२०**

यस पदहरुमा, पत्रुसले हामीलाई बताउनुहुन्छ कि हामी परमेश्वरको नित्य र अविनाशी वचनको वीर्यबाट नयाँ गरी जन्मेका छौं। यो कुराबाट पत्रुसले के भन्न खोजेको हो त? परमेश्वरको वचनमा, उहाँले येशु ख्रीष्टद्वारा हामीलाई बचाउनको निम्ति के गर्नुभएको छ भन्ने कुराको सुसमाचार हामी पाउन सक्छौं। र यो परमेश्वरको वचनबाट आएको सुसमाचारको माध्यमबाट मात्रै नयाँ गरेर जन्मन सम्भव छ। तर परमेश्वरले आफ्नो वचनको माध्यमबाट उहाँको मुक्तिको योजना मात्रै उजागर गर्नुहुन्न। उहाँले आफैले आफैलाई हाम्रो अघि प्रकट गर्नुहुन्छ। त्यसै कारणले गर्दा पत्रुसले उहाँको वचनलाई जीवित र हामीभित्र रहने वचन भनेर भनेको हो।

पत्रुसले परमेश्वरको वचनलाई अविनाशी वीउसँग तुलना गरेक छन्। वीउको बारेमा एउटा रोचक तथ्य के छ भने यो रोप्नु अघि सुख्खा र सुस्त हुन्छ र यसमा जीवन छ भन्ने कुराको प्रमाण हामीले धेरै नै कम देख्नसक्छौं। तर एक पटक जब यो उचित स्थितिमा, भिजेको भूमीमा र पोषक तत्व युक्त माटोमा रोपिन्छ, र जसले उत्सुकतासाथ यो एउटा जीवित विरुवा भएको देख्ने इच्छा गरेको हुन्छ, यसबाट जीवन बाहिर निस्केको हामी देख्नसक्छौं। जसरी बीउलाई जीवनको लागी एउटा उचित स्थिति र स्थानमा रोप्न आवश्यक छ, परमेश्वरको वचन पनि एउटा विश्वास गर्ने हृदयको राम्रो माटोमा रोपिनको लागी पर्खिरहेको हुन्छ। र तब, पवित्र आत्माद्वारा, उहाँको वचन उम्रन्छ, र त्यसमा जरा लाग्छ, र बढ्नेछ, र जुनसुकै कुरालाई यसले छुन्छ त्यसमा जीवन र सौन्दर्य ल्याउने काम गर्दछ।

जब हामी परमेश्वरको जीवित र हामीभित्र रहने वचनलाई मनन गर्छौं, तब हामी सारा संसारलाई सृष्टि गर्नुहुने र सबै थोक नयाँ बनाउनु हुने सारा ब्रह्माण्डको परमेश्वरलाई अनुभव गर्नसक्छौं। र जब हामी उहाँलाई अनुभव गर्छौं हाम्रो जीवन पूर्ण रुपले रूपान्तरित हुन बाहेक अरु केही विकल्प हुँदैन। तपाईको जीवनमा कतिपय क्षेत्रहरु सुक्खा हुन्सक्छ। सायद आत्मिकी रुपमा हराएको मानिसको लागी तपाइँको माया घटेको हुनसक्छ, वा परमेश्वरको मिशनको लागी तपाइँको त्यो जोश सेलाएको हुनसक्छ। परमेश्वरको जीवित र हामीभित्र रहने वचन तपाइँको जीवनको हरेक सुस्त, सुक्खा, र मृत क्षेत्रलाई छुन सक्ने आफ्नो शक्तिलाई कहिल्यै गुमाउने छैन, र यसले एउटा नयाँ जीवन ल्याउँछ जो स्थायी र अनन्तसम्म रहीरहन्छ। र जब उहाँको वचनले हाम्रो जीवनलाई छुन्छ र रूपान्तरण गर्दछ, तब हामी जहाँसुकै गएता पनि यो अविनाशी बीउ छर्न, र येशूले हामीलाई बचाउन के गर्नुभएको छ, भन्ने सु-समाचार बाँड्ने बाहेक अरु केही विकल्प हामीसँग हुँदैन।

**तपाईले पहिलो पटक सुसमाचार सुन्नुभएको दिनलाई सम्झनुहोस। के कसैले तपाईसँग यो बाँडेको थियो? त्यो पललाई सम्झनुहोस्, र परमेश्वरलाई उहाँले दिनुभएको उद्दारको लागि धन्यवाद दिनुहोस।**

**किनकि उहाँको वचन जीवित छ र हामीभित्र रहन्छ भने यो हप्ता तपाईंले आफ्नु जीवनको कुन क्षेत्रलाई नवीकरण गर्नुपर्ने छ सो थाहा गर्नुहोस?**

---

## परमेश्वरको वचनले सबै कुरालाई नयाँ बनाउँछ

१ पत्रुस १:२३

२३ परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ. . .

परमेश्वर, म विश्वास गर्दछु कि तपाइँको वचन एक अविनाशी बीउ हो जसले मेरो जीवनको हरेक क्षेत्रलाई नवीकरण गर्न सक्दछ। म मेरो टुटेको हृदय, मेरो हरेक  भ्रम, र असुरक्षाहरु तपाइँको सामु ल्याउन सक्छु, यो जानेर कि तपाईले त्यसलाई तपाईको वचनको अविनाशी वीउद्वारा  पूर्ण, विस्वस्त र सुरक्षित गरिदिनुहुन्छ।  तपाईले मलाई मृत्युदेखि जीवनसम्म ल्याउनुभएको छ र ममा सुरु गर्नुभएको काम सिद्ध्याउनलाई विश्वासयोग्य हुनुहुन्छ। परमेश्वर, म प्रार्थना गर्दछु कि तपाईले मेरो जीवन निरन्तर रुपमा परिवर्तन गर्नुहुन्छ ताकि तपाईको प्रेम मैले मेरो वरिपरी भएको मानिसहरुलाई पनि देखाउन सकूँ। तपाईको वचन मभित्र रोपिएको कारणले गर्दा म जहाँ गए पनि तपाईको सुसमाचार निडर भएर प्रचार गर्नसकूँ।

# आमेन

दोस्रो दिन



# वचन एउटा ज्योति हो

**भजनसंग्रह ११९:१०५-११२ पढनुहोस**

१०५ तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती,

र मेरो बाटोको निम्ति उज्यालो हो।

भजनसंग्रह ११९:१०५

**पढ्नुपर्ने अतिरिक्त खण्डहरू: भजनसंग्रह ११९:१३०**

भजनसंग्रह ११९ एउटा बुद्धिको भजन हो जसले परमेश्वरको वचन हाम्रो जीवनको लागि सिद्ध मार्गदर्शन हो भन्ने कुरालाई जोड दिँदछ। १०५ पदमा भजनसंग्रह लेखकले परमेश्वरको वचन हाम्रो गोडाको निम्ति बत्ती र हाम्रो बाटोको निम्ति उज्यालो हो भनेर भन्दछ। प्राचीन समयमा पूर्वीय नजिकको देशमा एउटा सानो बन्द कचौरालाई त्यसको छेउमा सानो प्वाल बनाएर सलेदो राखेर बत्तीको रुपमा प्रयोग गरिने चलन थियो। कचौरालाई तेलले भरेर, सलेदोलाई बालेर अँध्यारो बाटोलाई पर्याप्त प्रकाश पारेर बाटो उज्यालो पार्ने चलन थियो।

हाम्रो जीवनमा हामी प्राय यस्तो परिस्थितिहरु भएर जानु पर्दछ जुन कुराहरु हाम्रो नियन्त्रणभन्दा बाहिर हुन्छ: जस्तै हामीले लिने निर्णयहरु, चुनाउतीपूर्ण परिस्थितिहरु जुन हामीले सामना गर्छौं, बिभिन्न विचारधाराहरु जससँग हामीले हरेक पल संघर्ष गर्दछौं। हामी हाम्रो आफ्नै बुद्धि र सामर्थ्यमा हरेक कुराहरुलाई गर्ने प्रयास गर्दछौं, तर एउटा मार्गदर्शन बिना हामी निश्चय नै अन्धकारमा ठोक्किन्छौँ। हाम्रो अघि भएको अन्धकार पथलाई प्रकाश दिने एउटा भरपर्दो ज्योतिको आवश्यकता हामीलाई हुन्छ।

परमेश्वरको वचनमा हामीले त्यो मार्गदर्शन पाउन सक्छौं। २ तिमोथी ३:१६ मा पावलले भन्दछ कि हरेक वचन परमेश्वरको प्रेरणाबाट भएको हो अर्थात् हरेक वचन जो हामीले बाइबलमा पाउँदछौं ती सबै परमेश्वरबाट नै आएको हो। के तपाईको जीवनमा यस्तो कोही हुनुहुन्छ, जो यती विश्वासयोग्य छ कि उसले भनेको हरेक कुरा तपाई कुनै प्रश्न बिनै विश्वास गर्नुहुन्छ? तपाईले त्यो व्यक्तिलाई विश्वास गर्नुसक्नुहुन्छ किनकि जीवनको यत्ति समयसम्म उसले आफ्नो चरित्र तपाईको अगि विश्वासयोग्य छ भनेर प्रमाणित गरिसकेको छ। र यदि हामीले एउटा सास भएको मानिसमाथि विश्वास गर्नसक्छौं भने हामीले हाम्रो सिद्ध परमेश्वर जसले हर समयमा उहाँको विश्वासयोग्यता प्रमाणित गर्नुभएको छ उहाँमाथि झन् कत्ति धेरै विश्वास गर्नसक्छौं? परमेश्वरको वचन एउटा भरोसायोग्य र विश्वासयोग्य मार्गदर्शन हो किनको उहाँ भरोसायोग्य र विश्वासयोग्यको हुनुहुन्छ।

तपाईले अहिले सायद आफुले नियन्त्रण गर्नुसक्ने भन्दा बाहिरको परिस्थितिको सामना गरीरहनु भएको होला र हुनसक्छ सायद कठिन निर्णय तपाईले लिनुपर्ने छ वा एउटा चुनाउतीपूर्ण स्थितिमा प्रतिक्रिया दिनुपर्ने अवस्था छ। परमेश्वरको वचन भनेको तपाईको अन्धकार बाटोलाई ज्योति दिने र तपाईलाई चाहिने ज्ञान दिने एउटा माध्यम हो। र परमेश्वरको वचनले तपाईलाई मात्रै ज्ञान दिनुहुँदैन, तर उहाँको वचन पालन गर्नाले तपाई यो अन्धकार संसारमा उहाँको एउटा ज्योति बनेर चम्किन सक्नुहुन्छ।

**एउटा यस्तो कठिन समयलाई सम्झिनुहोस जब परमेश्वरको वचनले तपाईलाई बुद्धि दिनुभएको छ। उहाँको मार्गदर्शनको लागि धन्यवाद दिन समय बिताउनुहोस्।**

**परमेश्वरको प्रशंसा गर्नुहोस् कि उहाँ विश्वसनीय र भरोसायोग्यको हुनुहुन्छ। के तपाईको जीवनमा यस्तो क्षेत्रहरु छ जहाँ तपाईलाई मार्गदर्शनको लागि उहाँको वचनमा भर पर्नु नै उचित हुन्छ?**

## परमेश्वरको वचनले हामीलाई मार्गदर्शन गर्दछ

भजनसंग्रह ११९:१०५

१०५ तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती,

र मेरो बाटोको निम्ति उज्यालो हो।

स्वर्गीय पिता, तपाईले मलाई यो त्रुटीपूर्ण संसारमा तपाईको सिद्ध वचन एउटा मार्गदर्शनको रुपमा दिनुभएको छ। तपाई असल,भरोसायोग्य, सर्वज्ञ, र दयालु हुनुभएको कारणले मैले सामना गर्नुपर्ने हरेक परिस्थितिमा म तपाईको मार्गनिर्देशनमा भर पर्नसक्छु। मेरो जीवन र मैले लिनु पर्ने हरेक निर्णयको तपाई वास्ता गर्नुहुन्छ। तपाईको वचनमा हरेक बिग्रिएको अवस्थालाई बनाउने शक्ति छ तपाईको वचन अन्धकारको लागि एउटा ज्योति पनि हो। मसँग अब उप्रान्त डराउनु पर्ने कुनै कारण छैन। जसै तपाईको वचन म मेरो हृदयभित्र लुकाउँछु, कसरी तपाईको वचन अध्यन गर्नुपर्ने हो कसरी मैले तपाइको वचन अनुसार जिउनु पर्ने हो मलाई सिकाउनुहोस्।

# आमेन



## तेस्रो दिन

# वचन एउटा ऐना हो

**याकुब १:१९-२५ पढ्नुहोस**

२३ कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, २४ किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ।

याकूब १:२३-२४

**पढ्नुपर्ने अतिरिक्त खण्डहरू: रोमी २:१३**

यस पत्रमा यकूबले रोमी साम्राज्यभरि छरपष्ट भएर कष्ट भोगी रहेका यहुदी विश्वासीहरुलाई अर्तिका कुराहरु लेख्दछ जसले कष्टको समयमा परमेश्वरको वचनलाई आफ्नो व्यवहारिक जीवनमा उतार्नुभन्दा अरु उनीहरु वरिपरी भएका संसारिक कुराहरुद्वारा नै प्रभावित भईरहेका थिए। र त्यसैले याकूबले यो पत्रभरि नै परमेश्वरको वचन सुन्नु मात्रै पर्याप्त छैन भन्ने कुरामा जोड दिएको छ। वचनले भनेको कुरालाई हामीले पालना गर्नु पनि आवश्यक छ।

यहाँ यकूबले ती मानिस जसले परमेश्वरको वचन सुन्छ तर त्यो पालन गर्दैन त्यसलाई एउटा यस्तो व्यक्तिसँग तुलना गर्दैछ जसले आफुलाई ऐनामा हेर्छ र त्यो गईहाल्छ र आफु कस्तो थियो भन्ने

कुरालाई विर्सिहाल्छ। यो उदाहरण एक प्रकारले हास्यास्पद देखिन्छ। कसरी तपाईले आफैले आफैलाई कस्तो देखिनुहुन्छ भनेर नजिकबाट हेर्नुहुन्छ र गईहाल्नुहुन्छ अनि आफु कस्तो छु भन्ने कुरालाई बिर्सिहाल्नुहुन्छ? तर यही कुरा हो जसलाई यकूबले प्रमाण गर्न खोजी रहेका छन्। के तपाईले आफैलाई हरेक बिहान ऐनामा हेर्नुहुन्छ र आफ्नो कपाल ठिक छ या छैन भनेर मिलाउनुहुन्छ र आफ्नो दाँतमा केही अड्किएको त् छैन भनेर सुनिश्चित गर्नुहुन्छ? यो क्रममा यदि तपाईले आफ्नो अनुहारमा कुनै एउटा ठुलो दाग देख्नुभयो भने के तपाई त्यसलाई त्यत्तिकै बिर्सिएर जानुहुन्छ? जसरी तपाईले आफ्नु अनुहार ऐनामा हेर्दा ठूलो दाग देख्दा देख्दै पनि त्यसलाई केही नगरी बिर्सिएर हिंड्नु एउटा मुर्खता हो भने, परमेश्वरको वचन सुनेर पनि पालना नगरी त्यसको वेवास्ता गर्नु झन् कत्ति ठूलो मुर्खता हो।

ऐनाले जस्तै, हामी कस्तो छौं भन्ने कुरा परमेश्वरको वचनले हामीलाई स्पष्ट रुपमा देखाउँछ। उहाँको वचनबिना हामीले आफैले आफैलाई गलत प्रकारले बुझेर आफैलाई धोखा दिन सहज हुन्छ, आफ्नु कमजोरीहरुलाई वेवास्ता गर्न, र आफ्ना पापहरुको लागि वहाना बनाउन, विशेष गरिकन याकूबको दर्शकहरु जस्तै जब हामी कठिन परिस्थितिहरुको सामना गरीरहेका हुन्छौं। तर जब हामी हाम्रो जीवनमा परमेश्वरको वचनलाई पक्रिराख्छौँ तब यस्तो कुरा सम्भव हुन्सक्दैन। जब हामी हाम्रो जीवनलाई परमेश्वरको वचनको सत्यताद्दारा जाँचछौं, हामीले हामी को हौँ र कस्तो छौं भन्ने कुराको प्रमाण पाउँदछौं, र हामीले हाम्रा सबै कुराहरुको निम्ति पश्चाताप गर्न र परिवर्तन हुनको लागि परमेश्वरको दया र अनुग्रह प्राप्त गर्न सक्छौं।

हामीले आफैलाई को हुँ र कस्तो छु भन्ने कुरा थाहा गर्नलाई परमेश्वरको वचनलाई दैनिक रुपमा अनुसन्धान गर्नुपर्छ र त्यतिमा मात्रै सिमित रहनु हुँदैन। त्यसपछि हामीले परमेश्वरको वचनलाई अभ्यास गरेर उहाँसँग हिंड्नु पनि पर्छ।

**परमेश्वरको दया र अनुग्रहले तपाईको जीवनमा कस्तो प्रकारले काम गरेको पाउनुभएको छ?**

**के तपाईको जीवनमा यस्तो कुनै क्षेत्रहरु छ जहाँ तपाईले परमेश्वरको वचनलाई व्यवहारमा उतार्नु संकोच मान्नुभएको छ? तपाईप्रति उहाँको प्रेम र दयाको निम्ति उहालाई प्रशंसा गर्न समय बिताउनुहोस्।**

---

## परमेश्वरको वचनले हामी को हौँ? भन्ने कुरा प्रकट गर्दछ।


याकूब १:२३-२४

२३ कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा
यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, २४
किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो
थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ।

जब म तपाईको वचन पढछु, हे परमेश्वर, म को हुँ र तपाईले मलाई के बनाईराख्नु भएको छ भन्ने कुरा तपाईले मलाई प्रकट गराउनुहुन्छ भन्ने म विश्वास गर्दछु। मेरो हृदयको खोजी गर्नुहोस र कहाँ र कसरी तपाईको वचन मैले अभ्यास गर्नुपर्छ भन्ने कुरा मलाई प्रकट गराउनुहोस्। तपाईबाट पाएको मुक्तिको सित्तैको उपहारको प्रतिक्रियामा तपाईको वचनले के भन्छ सो गर्नको लागि मलाई नम्रता दिनुहोस। पवित्र आत्मा तपाईको शक्तिको लागि धन्यबाद, जसले मलाई आज्ञाकारी हुनलाई, मेरो हृदय परिवर्तन गर्नलाई, र मेरो पाईलाहरु निर्देशित गर्नलाई सहायता गर्नुभएको छ। येशु ख्रीष्टको नाउँमा

# आमेन

## चौथो दिन



# वचन एउटा घन हो

**यर्मिया २३:२३-३२ पढ्नुहोस्**

२९ “के मेरो वचन आगोजस्तै छैन र? चट्टानलाई चूरचूर पार्ने के त्यो एउटा ठूलो घनझैँ छैन र?” परमप्रभु भन्नुहुन्छ। यर्मिया २३:२९

**पढ्नुपर्ने अतिरिक्त खण्डहरू: प्रेरित २:३७-३८**

अगमवक्ता यर्मियाले यहूदाको राष्ट्रको लागि अशान्तिपूर्ण समयमा अगमवाणी गरेका थिए। यर्मियाले आफ्नो अगमवाणीको सेवकाइ यहूदाका अन्तिम विश्वासयोग्य राजा योशियाहको शासनकालमा शुरु गरेका थिए, र यरुशलेमलाई नबूकदनेसरले विनाश गरेर सबै येहुदीहरुलाई कैदमा लगेसम्मको अन्तिम वर्षसम्म आफ्ना सेवकाइ निरन्तर गरेका थिए।

यर्मियाले आफ्नो सेवकाइको अन्तराल भरि नै न्यायको दिन नजिकै छ भन्ने तितो सत्यको घोषणा गरे र सबै मानिसहरुलाई आफ्ना दुष्ट चालहरु र मुर्तिपुजाबाट फर्केर साँचो परमेश्वरको पवित्र आराधना गर्ने बोलावट दिनुभएको थियो। तर मानिसहरुले यर्मियाको कुरा सुनेनन्। त्यसको सट्टामा बरु तिनीहरुले झुटा अगमवक्ताहरु जसले परमेश्वरको संदेश घोषणा गर्नुको बदलामा तिनीहरुले सुन्न मन

पराएका आकर्षक कुराहरु र जसले तिनीहरुलाई मोहित बनाउनका निम्ति वचनहरु बोल्थे, ती कुराहरुलाई नै बरु तिनीहरुले प्राथमिकता दिए।

तर यी झुटा अगमवक्ताहरुद्वारा बोलिएका खोक्रा र निरर्थक वचनको ठिक विपरित परमेश्वरको वचन कठोर भन्दा कठोर चट्टानलाई पनि टुक्रा-टुक्रा पार्न सक्ने एउटा घन हो। जब तपाई यो "घन" भन्ने शब्द देख्नुहुन्छ तब सायद तपाईको मस्तिष्कमा सिकर्मीले किल्लाहरु ठोक्ने तथा घर बनाउने परियोजनको लागि प्रयोग हुने वस्तुको सम्झना गर्नुहुन्छ होला। तर हामीले अहिले हेरेको सन्दर्भमा यो एउटा यस्तो घनसँग तुलना गर्नसक्छौं जो एउटा लोहारले एउटा धातुलाई गलाएर त्यसको आकार परिवर्तन गर्नको लागि ठूलो शक्तिद्वारा ठोक्ने र दबाउने काममा प्रयोग गर्दछ।

जब हामी येशुसँगको यात्रा प्रारम्भ गर्छौं, धेरै चोटी हाम्रो हृदय कठोर बन्न सम्भव हुन्छ। हाम्रो हृदय कठोर बन्नको धेरै कारणहरु मध्ये हाम्रो गोप्य पाप हुनसक्छ जो हामीले परमेश्वरको अगि स्वीकार गरेको हुँदैनौ, वा हामीले क्षमा दिन नसकेको कारणले आएको तितोपना, वा हाम्रो अनुतरित प्रार्थना जसको कारणले हामी जहिल्यै परमेश्वरमाथि संका गरीरहेका हुन्छौं जसको कारणले हाम्रो हृदय कठोर बन्न पुग्दछ। यस्तो समयमा हामीले धेरै जसो आफैलाई परमेश्वरको वचनमा राख्नुको सट्टा सामाजिक संचालमा भुलाएको, नकारात्मक समाचारहरु पढेको वा हेरेको, अथवा धेरै समय टेलीभिजनमा बिताएको पाउन सक्छौं।

तर जब हामी परमेश्वरको वचन हेर्छौं र नम्रता र पश्चतापसाथ प्रतिक्रिया गर्छौं, तब हामीले हाम्रो कठोर हृदयको पाप, तितोपना र शंकामाथि उहाँको वचन एउटा घनको रुपमा अनुभव गर्नसक्छौं जो यी सबै कुराहरुलाई तोड्न र दबाउन सक्ने योग्यका छन।

**कसरी परमेश्वरको वचनले तपाईको हृदयलाई नम्र बनाएको अनुभव गर्नुभएको छ? तपाईको हृदय परिवर्तन गर्नसक्ने उहाँको शक्तिको निम्ति धन्यवाद दिनुहोस**

**के तपाईंको जीवनमा यस्तो कुनै समय वा कठिनाई छ जसको कारणले गर्दा तपाईंले परमेश्वरको वचनलाई पछ्याउनुको सट्टा झुटा अगमवक्ताहरुलाई हेर्नुभयो?**

---

## परमेश्वरको वचनले हाम्रो हृदयलाई नम्र बनाउँछ


यर्मिया २३:२९

२९ "के मेरो वचन आगोजस्तै छैन र? चट्टानलाई चूरचूर पार्ने के त्यो एउटा ठूलो घनझैँ छैन र?" परमप्रभु भन्नुहुन्छ।

हे परमेश्वर, तपाईले जत्ति मेरो हृदयलाई अरु कसले जान्दछ र? म तपाईको बाटोदेखि तर्केर जाँदा पनि तपाईले मलाई प्रेम गर्नुभएको छ। म कहाँनिर चुकेको छु मलाई देखाउनुहोस् र मलाई पुन एक पटक फेरि तपाईको वचनको जगमाथि बसाल्नुहोस। मैले मेरो विश्वास तपाईको वचनमा राख्नु भन्दा यस संसारको कुराहरुमाथि राखेको निम्ति म पश्चताप गर्दछु। एउटा ढुंगाको हृदयलाई मासुको हृदयमा परिणत गर्ने शक्ति तपाईको वचनमा छ। मेरो जीवनलाई नयाँ बनाउनको निम्ति म आफैलाई तपाईमा समर्पित गर्दछु। हे परमेश्वर, जसै मेरो कठोर हृदयलाई नम्र बनाउँनुहुन्छ, मलाई तपाईको वचन अरु मानिसहरुको अघि प्रचार गर्न सशक्त गर्नुहोस। येशु ख्रीष्टको नाउँमा, म प्रार्थना गर्दछु,

# आमेन

पाँचौं दिन



# वचन एउटा तरवार हो

**हिब्रु ४:१-१२ पढ्नुहोस्**

१२ किनकि परमेश्‍वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ। हिब्रू ४:१२

**पढ्नुपर्ने अतिरिक्त खण्डहरू: एफिसी ६:१३-१७**

हिब्रु ४:१२ सम्म हामी हेर्छौं भने लेखकले परमेश्वरले हाम्रो निम्ति सृजिनु भएको विश्रामको दिनको बारेमा कुरा गर्नु भएको छ। जबकि परमेश्वरले यो विश्रामको दिन इस्राएलीहरुको निम्ति सृजिनु भएको थियो, तर उनीहरुको अनाज्ञाकारीता र अविश्वासको कारणले गर्दा उनीहरु यस विश्रामभित्र प्रवेश गर्न सकेन। अब, यो विश्राम ख्रीष्टमा भएकाहरु सबैको निम्ति उपलब्ध छ तर हिब्रुको लेखकले हामीलाई चेताउनी दिन्छ कि हामीले यस विश्रामलाई हलुको गरेर लिनुहुँदैन कारण हामी पनि इस्राएलीहरु जस्तै अनाज्ञाकारीताको कारणले गर्दा पतन हुन्सक्छौं।

अब हिब्रुको लेखकले परमेश्वरको वचनको शक्तिको बारेमा बोल्दछ जसलाई उहाँले दुईधारे तरवारसँग तुलना गरेका छन। तरवारसँग बिभिन्न प्रकारको धार हुन्छ जुन धारलाई बिभिन्न प्रयोजनको लागि तयार गरिएको हुन्छ। कोही शक्तिको लागि तयार गरिएको हुन्छ भने कत्ति

सटिकताको लागि तयार पारिएको हुन्छ। एउटा दुईधारे तरवारको दुवै पट्टि धार लगाईएका हुन्छ जसलाई सटिकतासँग यसको निशानालाई छेड्नको निम्ति विशिष्ट रुपमा तयार पारिएका हुन्छ।

जसै हामीले परमेश्वरको वचनले वास्तवमा हामी के हौं भन्ने कुरा देखाउँछ भनेर याकूबबाट सिक्यौं र त्यसै गरी परमेश्वरको वचनसँग हाम्रो पापले कठोर भएको हृदयलाई तोड्ने शक्ति छ भन्ने कुरा हामीले यार्मियबाट सिक्यौं। अहिले यहाँ हिब्रुमा हामी पाउँछौ कि परमेश्वरको वचन दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ र यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्न सक्छ। र यसको अर्थ अनिवार्य रुपमा यो हो कि हामी भित्री रुपमा को हौँ र हाम्रो पहिचान के हो भन्ने कुरा निकाल्नलाई यसले हाम्रो हृदयलाई पनि छेड्दछ। तर यहाँ हिब्रुको लेखकले यो पनि भन्छ कि परमेश्वरको वचन जीवित र क्रियाशील छ अर्थात् उहाँको वचनले हाम्रो हृदयलाई छेडेर हाम्रो पाप मात्रै प्रकट गर्दैन तर उहाँको वचनसँग हामीलाई भित्रैदेखि परिवर्तन गर्ने शक्ति पनि छ।

जब हामीले येशू ख्रीष्टको उद्दार ग्रहण गरिसकेका छौं भने, हामी उही अनाज्ञाकारिता र अविश्वास गर्न चाहन्नौं जुन इस्राएलीहरूले उजाडस्थानमा गरे र पतन भए। तर जसै हामी परमेश्वरको यो दुईधारे रुपी वचन पढछौं र विश्वास र पश्चातापमा प्रतिक्रिया दिन्छौं, उहाँको यो दुईधारे वचनले हाम्रो हृदयभित्रको भागलाई छेडेर हामी को हौँ भन्ने कुरा प्रकट गर्नुहुन्छ र हरेक दिन हामीलाई ख्रीष्टको अनुसरण गरेर उहाँको रुपमा परिवर्तन गराउनुहुन्छ।

**विश्वास र पश्चताप परमेश्वबाटको उपहार हो जसले हामीलाई उहाँको नजिक जानमा सहायता गर्दछ के तपाईले उहाँको यो उपहारको लागि धन्यबाद दिनुभएको छ?**

**तपाईंको जीवनको कुन क्षेत्रमा परमेश्वरको वचनले परिवर्तन गर्नुहुन्छ भन्ने विश्वासमा हुनुहुन्छ?**

---

# परमेश्वरको वचनले हामीलाई परिवर्तन गर्दछ

हिब्रू ४:१२

१२ किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।

हे परमेश्वर, धन्यवाद तपाईको जीवित र क्रियाशील वचनको लागि जसले मलाई भित्रैबाट परिवर्तन गरेको छ। मेरो हृदयको कठोर र साह्रो क्षेत्रहरुलाई यसले काटे ता पनि म यसमा रहन चाहन्छु। परमेश्वर, मैले सबै संसारिक इच्छाहरुको कुरालाई अनुकरण गरेकोमा म पश्चताप गर्दछु। म प्रार्थना गर्छु कि जब म दैनिक रुपमा तपाईको वचनमा मनन गर्छु, मेरो सोच र विचारहरु नवीकरण र परिवर्तन गरिदिनुहोस्। तपाईको वचनमा मनन गर्दा मेरो विश्वास अझै बढाई दिनुहोस र मलाई अझै धेरै ख्रीष्टको अनुसरण गर्नमा सहायता गर्नुहोस।

# आमेन

*निष्कर्ष*

# वचन नै हाम्रो जग हो



**मत्ती ७:२४-२७ पढ्नुहोस्**

२४ "यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। मत्ती ७:२४

**पढ्नुपर्ने अतिरिक्त खण्डहरू: १ पत्रुस २:४-१०**

डाँडाको उपदेशमा, येशूले आफ्ना चेलाहरू र भीडलाई परमेश्वरको राज्यमा हाम्रो जीवन कस्तो हुनुपर्छ भन्ने कुराको बारेमा बताउनुभयो। त्यसपछि उहाँले यो प्रसिद्ध उपदेश यो चेताउनी दिएर समाप्त गर्नुभयो: के तिमी तिम्रो घर मेरो वचनको जगमाथि निर्माण गरेर एउटा बुद्धिमान निर्माता बन्न चाहन्छौं? वा तिमी मेरो वचनलाई वेवास्ता गरेर तिम्रो जीवनलाई वालुवामाथि निर्माण गरेर एउटा मुर्ख घर बनाउने व्यक्ति बन्न चाहन्छौं?

यदि तपाई कुनै यस्तो ठाउँमा बस्नुहुन्छ जहाँ तपाईले प्राय डुबान र बाढीको अनुभव गर्नुहुन्छ भने येशु ख्रीष्टले दिनुभएको यो दृढ अथवा वलियो जगमाथि जीवन निर्माण गर्ने उदाहरण, तपाईको लागि अझै सान्दर्भिक बन्न पुग्नेछ। त्यस्तो ठाउँमा केही समयको मुसलेधार वर्षाको कारणले केही अघि नै सुन्दर देखीएको घर तहस-नहस हुन्सक्छ। र जसरी त्यो आँधीबहेरीले त्यो भवनको जगको स्थितिलाई प्रकट गराउँछ, त्यसरी नै हाम्रो जीवनमा आउने आँधीबहेरीले पनि हाम्रो जीवन परमेश्वरको वचनमाथिको दृढ जगमाथि निर्माण गरिएको छ कि छैन भनेर प्रकट गराउँदछ।

यो हप्ता हामीले परमेश्वरको वचन हाम्रो आत्मिकी पोषणको लागि आवश्यक एउटा रोटी जस्तै हो, एउटा फल फलाउने विरुवाको रुपमा हाम्रो हृदयमा रोपेको वीउ हो, हाम्रो मार्गलाई उज्यालो बनाउने र हामीलाई सबै बुद्धिमा डोऱ्याउने एउटा ज्योति हो, हामी वास्तवमा को हो भनेर देखाउने एउटा  ऐना हो, हाम्रो पापले कठोर भएको हृदयलाई तोडने एउटा घन हो, र उहाँको वचन एउटा तरवार हो जसले हाम्रो भित्र हृदयको भागलाई छेडेर परिवर्तन ल्याउन सक्षम र योग्य छ भन्ने कुराको बारेमा जानेका र अध्यन गरेका छौं।

अब प्रश्न यो छ कि तपाई यो उपवास सक्कीसके पछि कसरी अघि बढ्नुहुन्छ? के तपाई आफ्नो जीवनलाई एउटा वलियो जगमाथि निर्माण गरेर एक बुद्धिमानि घर बनाउने व्यक्ति बन्नुहुन्छ? यो हप्ता हामी सबै सँगै मिलेर परमेश्वको अनुभव गर्नु, उहाँको वचनबाट सुन्नु र यो पाँच दिने वार्षिक उपवास संगतिमा सहभागी हुनु शक्तिशाली र उत्साहपूर्ण त थियो तर हाम्रो जीवनलाई एउटा दृढ जगमाथि निर्माण गर्नको लागि त्यत्तिले मात्र पर्याप्त हुँदैन। तर यो त दैनिकी रुपमा उहाँको वचन पढने र पालन गर्ने हाम्रो जीवन शैली हुनुपर्छ ताकि हाम्रो जीवन उहाँको वचनको दृढ जगमाथि बसालिएको होस र जीवनको आँधीबहेरीले पनि हाम्रो जगको केही क्षति गर्न नसकेको होस्।

**परमेश्वरको वचनमा रहनु भनेको येशुमा रहनु हो जो स्वयं जीवित वचन हुनुहुन्छ। के तपाईले निर्माण गर्नुभएको तपाईको घरको जग येशु हुनुहुन्छ?**

---

**“रहनु” भन्ने शब्दको अर्थ एउटै ठाउँमा स्थिर रहनु वा एउटै स्थितिमा बसीरहनु हो; र यो निरन्तर हुनुपर्छ । यो २०२२ र आउने वर्षहरुमा तपाई कसरी परमेश्वरको वचन पढने, बुझ्ने, विश्वास गर्ने, पालन गर्ने,र रहने कुराको प्रतिबद्धतालाई नवीकरण गर्नुहुन्छ?**

---

# परमेश्वरको वचन हाम्रो ठोस जग हो

मत्ती ७:२४

२४ "यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो।

स्वर्गीय पिता, यो हप्ता तपाईले मेरो जीवनमा गर्नुभएको कामको लागि धन्यबाद दिंदछु। तपाईको मुहार मैले खोजी गर्दा तपाईले आफैलाई प्रकट गर्नुभयो र तपाई संधै मसँग बोल्नको लागि विश्वासयोग्य हुनुभएकोमा म तपाईलाई धन्यवाद दिन्छु। तपाईले मलाई तपाईको वचन एउटा उपहार स्वरूप दिनुभयो, ताकि मैले तपाई को हुनुहुन्छ भन्ने कुराको वलियो जगमाथि मेरो जीवन निर्माण गर्न सकौं भनेर। दैनिक रुपमा तपाईको वचनमा रहन मलाई सहायता गर्नुहोस ताकि मैले तपाईको वचनलाई मेरो हृदयमा लुकाएर राख्न सकूँ र जीवन परिवर्तन गर्ने यसको शक्तिको अनुभव गर्नसकूँ।

येशु ख्रीष्टको नाउँमा म प्रार्थना गर्छु

# आमेन

Every Nation is a global family of churches and ministries that exists to honor God by establishing Christ-centered, Spirit-empowered, socially responsible churches and campus ministries in every nation.

#ENFAST2022

EVERYNATION.ORG/FASTING